**Ref no.: PRVUCAPITAL/BD/079-80/1790** मिति : २०७९/१०/२७

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर

**विषय : मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेडको आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुमा र विदेशमा बसी रोजगार गरेका नेपालीहरुलाई शेयर निष्काशन सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको निष्काशन तथा बिक्री प्रबन्धकत्वमा श्री मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेडको आयोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि रु.१००/- अंकित दरको ७,६०००० कित्ता, सर्वसाधारणका लागि रु.१००/- दरको १५,२०,००० कित्ता मध्ये विदेशमा बसी रोजगार गरेका नेपालीहरुलाई शेयर निष्काशनका लागि रु.१००/-अंकित दरको १,५२,००० कित्ता गरी कुल २२,८०,००० कित्ता साधारण शेयर प्रारम्भिक सार्वजनिक निष्काशन गर्न तथा विवरणपत्र प्रकाशनको लागि तहाँ बोर्डबाट मिति २०७९/०९/०८ गतेका दिन स्वीकृत प्राप्त भएकोले आयोजना प्रभावित क्षेत्र र विदेशमा बसी रोजगार गरेका नेपाली वासिन्दाहरुमा साधारण शेयरको निष्काशन तथा बिक्री खुल्ला मिति २०७९/१०/१५ गतेका दिन देखि भएकोमा विदेशमा बसी रोजगार गरेका नेपाली वासिन्दाहरुलाई छुट्याईएको शेयरको माग भन्दा बढी शेयरको लागि आवेदन प्राप्त भएकोले मिति २०७९/१०/२९ (बैकिङ्ग समय पश्चात) उक्त शेयरको लागि निष्काशन तथा बिक्री बन्द गरिने व्यहोरा अनुरोध छ ।
साथै आयोजना प्रभावितका बासिन्दहरुको हकमा हाल सम्म माग बमोजिम दरखास्त प्राप्त नभएकोले तथा आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई दृष्टिगत गरी हाललाई मिति २०७९/११/१५(बैकिङ्ग समय पश्चात) गतेसम्म निष्काशन तथा बिक्री अवधि थप गरिएको व्यहोरा अनुरोध गर्दछौं । सो सम्बन्धमा आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको र विदेशमा बसी रोजगार गरेका नेपालीहरुलाई शेयर निष्काशनको जानकारीको लागि "वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको निमित्त साधारण शेयरको निष्काशन तथा बिक्री बन्द बारेको सूचना" र "आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुको निमित्त साधारण शेयर निष्काशन तथा बिक्री खुल्ला भईरहेको बारेको सूचना" मिति २०७९/१०/२९ गतेको राष्ट्रिय दैनिक पत्रिका "नयाँ पत्रिका" मा प्रकाशन गरिने हुँदा उक्त सूचनाको मस्यौदा समेत तहाँको जानकारीको लागि यसै पत्रका साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध गर्दछौं ।

सहयोगको लागि धन्यबाद ।

भवदीय,

..................
बासु थपलिया
प्रमुख व्यापार अधिकृत

PRABHU CAPITAL

**बोधार्थ :**
१.श्री मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेड, त्रिपुरेश्वर, काठमाडौं ।